annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३३३ पृष्ठ १० | काठमाडौं, बुधबार २७ चैत २०८१ | चैत्र शुक्लपक्ष द्वादशी, नेपाल संवत् ११४५ | WEDNESDAY, APRIL 9, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०




## गणतन्त्र स्थापनामा मधेसको महत्वपूर्ण भूमिका : ओली



**गोविन्द महतो** | *जनकपुरधाम*

प्रधानमन्त्री केपी शर्मा ओलीले संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि भएको संघर्ष र आन्दोलनको भूमिकामा मधेस प्रदेशको महत्वपूर्ण योगदान रहेको बताएका छन्। प्रधानमन्त्री ओलीले प्रदेशको राजनीतिक सशक्तीकरणमा मधेसको योगदानको खुलेर प्रशंसा गरे।

मधेस प्रदेशसभाको चौथो अधिवेशनको २१औं बैठकलाई मंगलबार सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले मधेस प्रदेशको ऐतिहासिक भूमिका र योगदानको उच्च मूल्यांकन गरे।

प्रधानमन्त्री ओलीले मधेस प्रदेशले संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनार्थ खेलेको भूमिकाबारे भने, 'लामो समयको लडाइँपछि हामीले संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्त गरेका छौं। मधेस प्रदेश चेतनामा अग्रणी प्रदेशको रूपमा छ। संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न मधेसले सबैभन्दा बढी महत्वपूर्ण भूमिका खेलेको छ। लोकतन्त्रको रक्षामा पनि मधेस सशक्त रूपमा उभिएको छ।'

मधेस प्रदेश संघीय लोकतान्त्रिक गणतन्त्रको पक्षमा दृढताका साथ उभिने विश्वास उनले व्यक्त गरे। 'यो विश्वास मधेस प्रदेशका जनताको बलिदान र संघर्षको प्रतीक हो', उनले भने। प्रधानमन्त्री ओलीले राजनीतिक परिवर्तन र प्राप्त उपलब्धिहरूलाई केवल राजनीतिक उपलब्धिका रूपमा सीमित नगर्न र तिनीहरूलाई जनताको बलिदान, संघर्ष र त्यागको परिणामको रूपमा हेर्नु आवश्यक रहेको बताए। उनले भने, 'जनताको संघर्ष र बलिदानबाट आएका उपलब्धिहरू हाम्रा साझा सम्पत्ति हुन्।'

ओलीले भने, 'संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणाली जनताको सेवामा समर्पित हुनुपर्छ। हाम्रो सबै प्रयासहरू देश र जनताको सेवामा समर्पित हुनुपर्छ।' राजनीतिक अधिकारहरूको विस्तार गरेर परिपूर्ण लोकतन्त्र निर्माण गर्नुपर्नेमा जोड दिँदै जनताको जीवनस्तर सुधारका लागि राजनीति हुनुपर्नेमा जोड दिए। उनले भने, 'राजनीतिमा लोकतन्त्र स्थापित भएर गरिबी र अन्य सामाजिक समस्या समाधान गर्न सकेन भने लोकतन्त्रको अर्थ छैन।'

» बाँकी पृष्ठ ६



कभर स्टोरी

### बुटवल नारायणगढ सडक

## गति लियो, आशा जाग्यो

जनस्तरबाट चौतर्फी आलोचना खेपिरहेको बुटवल नारायणगढ सडक निर्माणले हाल तीव्रता पाएको छ। 'बाटो नबन्ने भो' भनेर निराश नागरिकमा आशाको दियो जागेको छ। चिनियाँ निर्माण कम्पनीले ६ महिनायता निर्माणको कामलाई तीव्रता दिएको छ। त्यसैकारण पश्चिम नेपालका नागरिक उत्साहित छन्।

समाचार पृष्ठ २

**केशरराज क्षेत्री** | *बुटवल*
– को रिपोर्ट

कुल लम्बाइ (बुटवल-नारायणगढ) | ११३ किमी

| पश्चिम खण्ड (बुटवल-दाउन्ने) | ४८ किमी | पूर्वीखण्ड (दाउन्ने-नारायणगढ) | ६५ किमी |
|---|---|---|---|
| भौतिक प्रगति | ६१ प्रतिशत | भौतिक प्रगति | ६१ प्रतिशत |
| वित्तीय प्रगति | ५४ प्रतिशत | वित्तीय प्रगति | ५२ प्रतिशत |
| कालोपत्रे दुईतर्फी | ५० किमी | कालोपत्रे एकतर्फी | ५१ किमी |
| कालोपत्रे एकतर्फी | ३२ किमी | जम्मा बजेट | ९ अर्ब १३ करोड |
| जम्मा बजेट | ७ अर्ब ८६ करोड | | |

### अधिकारीको कार्यकाल

## बाह्य अर्थतन्त्रले फेर्‍यो काँचुली

**ममता थापा** | *काठमाडौं*

महाप्रसाद अधिकारीले गभर्नर पदको नेतृत्व लिँदा मुलुकको चालु खाता र शोधनान्तर खाता घाटामा थिए। त्यसैकारण मुलुकको अर्थतन्त्र चुनौतीपूर्ण अवस्थामा थियो। अधिकारीले राष्ट्र बैंकको नेतृत्व लिएको तीन वर्षमै चालु खाता र शोधनान्तर खाता बचतमा पुगे। अर्थात्, अर्थतन्त्रलाई केही हदसम्म सुधार गरे। बाह्य अर्थतन्त्रले काँचुली नै फेर्‍यो। यद्यपि केही नीतिगत व्यवस्थामा भने आलोचित पनि हुनुपर्‍यो।

अधिकारी गभर्नर भएपछि चालु खाता र शोधनान्तर खाता ३ वर्षदेखि निरन्तर बचतमा छन्।



विदेशी विनिमय सञ्चितिको आकार बढेर १४ महिनाको वस्तु तथा सेवा आयात धान्ने अवस्थामा पुगेको छ। समग्र बाह्य क्षेत्र भने सकारात्मक बन्यो। आर्थिक वर्ष ०७६/७७ मा संकुचित आर्थिक वृद्धिदरमा सुधार हुँदै आव ८०/८१ मा ३.८७ सम्म रह्यो। आव ०७६/७७ मा उच्च अर्थात् ६.१५ प्रतिशत पुगेको मुद्रास्फीति (मूल्य वृद्धिदर) हाल ४.८६ प्रतिशतमा सीमित देखिन्छ।

समग्र अर्थतन्त्रमा उतारचढाव आए पनि मौद्रिक व्यवस्थापनको पाटोमा नेपाल राष्ट्र बैंकले दर्जनौं नीतिगत व्यवस्था गर्‍यो। अर्थात्, सुधार गरेको छ। कतिपय व्यवस्थापनमा असन्तुष्टि भए पनि समग्र मुलुकको हितका लागि नीतिगत व्यवस्थामा जोड दिइयो। आधा दशक राष्ट्र बैंकको बागडोर सम्हालेका निवर्तमान गभर्नर अधिकारीले जाँदाजाँदै कार्यावधिका प्रमुख कार्य तथा उपलब्धिलाई एउटै प्रतिवेदनमार्फत सार्वजनिक पनि गरे।

» बाँकी पृष्ठ ६

